district.ops.org

# विद्यार्थी जानकारी

| | |
|---|---|
| विद्यार्थीको थर: | |
| विद्यार्थीको नाम: | |
| कक्षा / विद्यार्थी आईडी नम्बर: | |

## बुवाआमा /अभिभावक प्रविधि प्रयोग जिम्मेवारीहरु

ओमाहा पब्लिक स्कूलहरूले तपाईंका विद्यार्थीलाई 2019-2020 विद्यालय वर्षका लागि एक टेक्नोलोजी उपकरण प्रदान गर्न सक्दछन्। दर्ता भएका विद्यार्थीको बुवाआमा वा कानूनी अभिभावकका रूपमा, तपाइँले तल सूचीबद्ध प्रविधि प्रयोग जिम्मेवारीहरूलाई स्वीकार्नु पर्दछ। तपाईंले बुवाआमा/अभिभावक प्रविधि प्रयोग जिम्मेवारीहरू पढ्नु र बुझ्नु भएको छ भन्ने संकेत गर्न, कृपया तलका प्रत्येक बक्समा चिन्ह लगाउनुहोस्।

**अवधिः** विद्यार्थीहरूले विद्यालयमा भर्ना भएका बेला विद्यालय वर्षको समयमा ओमाहा पब्लिक विद्यालय प्रविधि उपकरण प्रयोग गर्न सक्दछन्। विद्यार्थीको भर्ना अवधि समाप्त भएपछि बुवाआमा/अभिभावकले सूचनाको दुई हप्ता भित्र निर्देशन गरे बमोजिम प्रदान गरिएकै अवस्थामा प्रविधि उपकरणलाई फिर्ता गर्नुपर्नेछ। प्रविधि उपकरण फिर्ता गर्न असफल भएमा परिणामस्वरूप बुवाआमा र अभिभावक ओमाहा पब्लिक विद्यालयहरू प्रति प्रविधि उपकरणको पूरा मूल्यका लागि, र वकील शुल्क र प्रविधि उपकरण पुनः प्राप्त गर्न सम्बन्धित खर्चहरूका लागि जिम्मेवार हुनेछन्। यदि बुवाआमा/अभिभावक र/वा विद्यार्थीले यी प्रविधि प्रयोग जिम्मेवारीहरू, विद्यार्थी स्वीकार्य प्रयोग र इन्टरनेट सुरक्षा दिशानिर्देशहरू वा विद्यार्थी आचार संहिता का कुनै पनि भाग उल्लङ्घन गरेको विश्वास गरिन्छ भने ओमाहा पब्लिक विद्यालयहरूले अधिग्रहण अन्त्य गर्ने अधिकार पनि राख्दछन्।

**स्वामित्वः** प्रविधि उपकरण ओमाहा पब्लिक विद्यालयहरूको एकल सम्पत्ति हो। कुनै पनि समयमा स्वामित्व बुवाआमा/अभिभावक वा विद्यार्थीलाई हस्तान्तरण हुनेछैन।

**ठेगाना परिवर्तनः** प्रविधि उपकरण विद्यार्थीको भर्ना फारम मा प्रदान गरिएको ठेगाना मा रहनु पर्दछ। यदि ठेगाना परिवर्तन भयो भने ओमाहा सार्वजनिक विद्यालयहरू लाई 30 दिन भित्र लिखित सूचना प्रदान गर्नु पर्दछ।

**शर्तः** बुवाआमा /अभिभावक प्रविधि उपकरणमा हुन सक्ने कुनै हानी वा क्षतिको रिपोर्ट घटना घटेको 3 दिन भित्र गर्न सहमत हुन्छन्। बुवाआमा/अभिभावकले ईमेल मार्फत शिक्षकलाई सूचना दिनेछन्। बुवाआमा/अभिभावक प्रविधि उपकरणमा घटित हुने कुनै पनि हानी वा क्षतिका लागि पूर्ण रूपमा उत्तरदायी हुन्छ। यदि प्रविधि उपकरण विद्यालयमा हुँदा हराएको वा चोरी भएको रिपोर्ट गरिन्छ भने, विद्यालय भवनले उनीहरूको सुरक्षा अधिकारी वा विद्यालय स्रोत अफिसरसँग पुलिस रिपोर्ट फाइल गर्न काम गर्ने छ।

**मर्मतसम्भारः** बुवाआमा /अभिभावक वा विद्यार्थी आफ्नो स्वामित्वमा हुँदा प्रविधि उपकरणको मर्मतसम्भार अनुरोधका लागि जिम्मेवार हुन्छन्। बुवाआमा /अभिभावक वा विद्यार्थीले विद्यालय कर्मचारीलाई प्रविधि उपकरणको मर्मतको आवश्यकताका बारेमा जानकारी दिनुपर्दछ।

**प्रविधिको प्रयोगः** बुवाआमा /अभिभावक निम्न कुरामा सहमत छन्ः

1) प्रविधि उपकरण ओमाहा पब्लिक विद्यालयहरूमा भर्ना भएका बेला विद्यार्थीको शिक्षाका लागि प्रयोग गर्नु पर्छ र कुनै अन्य व्यक्तिको फाइदाका लागि वा अन्य कुनै उद्देश्यका लागि प्रयोग गर्नु हुँदैन।
2) प्रदान गरिएको प्रत्येक सफ्टवेयर अनुप्रयोग त्यो सफ्टवेयर अनुप्रयोगका साथ आउने लाइसेन्स र/वा प्रयोग सम्झौता को अधीनमा हुनेछ, र सोही अनुसार प्रयोग गर्नुपर्ने छ।
3) प्रविधि उपकरणको सबै प्रयोग ओमाहा पब्लिक विद्यालयहरूका नीतिहरु र नेटवर्क/ इन्टरनेट प्रयोग बारे नियम का अधीनमा हुनेछ। (हातेपुस्तिका हेर्नुहोस्)।
4) बुवाआमा/अभिभावक उपकरणको सफ्टवेयर सेटिंग्स, पूर्वनिर्धारित कन्फिगरेसनहरू, र प्रशासकीय विशेषाधिकारहरू उपकरणको वितरणका बेला भएका मूल सेटिंग्सहरूबाट बदलिएका वा परिवर्तन गरिएका छैनन् भन्ने कुराका लागि पूर्ण जिम्मेवार छ।
5) बुवाआमा/अभिभावक र विद्यार्थी उपकरणको अनधिकृत प्रयोग रोक्न प्रयोगकर्ता ID हरु र पासवर्डहरु गोप्य राख्न संयुक्त रूपमा जिम्मेवार छन्।

## स्वैच्छिक उपकरण संरक्षण कार्यक्रम

**बुवाआमा अभिभावक उपकरणको नोक्सान, चोरी, वा क्षतिका लागि जिम्मेवार छन्।** जिल्लाले एक स्वैच्छिक उपकरण संरक्षण कार्यक्रम आरम्भ गरेको छ। बुवाआमा/अभिभावकले 2019-2020 विद्यालय वर्षका लागि एक

पटक, प्रति उपकरण $20 बार्षिक शुल्क तिरेर स्वैच्छिक उपकरण संरक्षण कार्यक्रममा नामांकन गर्न सक्दछन्। स्वैच्छिक उपकरण संरक्षण कार्यक्रममा भाग लिन अस्वीकार गर्ने कुनै पनि बावुआमा/अभिभावक कुनै हराएको, चोरी भएको वा बिग्रिएको उपकरणको प्रतिस्थापन वा मर्मतको वास्तविक लागतका लागि जिम्मेवार हुनेछन्। **कार्यक्रममा सहभागिता स्वैच्छिक हो।**

**कभरेजः** स्वैच्छिक उपकरण संरक्षण कार्यक्रममा भाग लिँदा, ल्यापटप कम्प्युटरहरू वा अन्य कभर गरिएका इलेक्ट्रोनिक उपकरणहरू बुवाआमा अभिभावकलाई कुनै शुल्क बिना मर्मत वा प्रतिस्थापित गरिनेछन्, उपकरणको क्षति वा नोक्सान तल सूचीबद्ध कारणले गर्दा भएको अवस्थामा बाहेकः

1) <u>अस्पष्टीकृत हानी वा रहस्यमयी बेपत्ताः</u> जिल्लाले कुनै वस्तु पत्ता लगाउन असमर्थताको कारण भएको क्षतिलाई कभर नगर्न सक्छ जबसम्म परिस्थितिले सम्पत्ति चोरी भएको सिद्धान्तलाई समर्थन गर्दैन।
2) <u>उपकरण चोरी भएको पुलिसलाई सूचित गर्न असफल भएमाः</u> यदि उपकरण चोरी भएको थियो भने, बुवाआमा/अभिभावकले उपकरण चोरी भएको पत्ता लाग्ने बित्तिकै तुरून्त प्रहरीलाई सूचित गर्नु आवश्यक हुन्छ। सहभागीहरूले पुलिसलाई सूचित गर्न असफल भएमा कार्यक्रमले कभरेज प्रदान गर्दैन।

3) <u>जानी जानी गरिएका कार्यहरुः</u> यस नीति अन्तर्गत कभर गरिएको सम्पत्तिको जानाजानी गरिएको क्षति वा विनाशको यो कार्यक्रमले नोक्सानी व्होर्ने छैन।
4) <u>बेइमान कार्यहरूः</u> कार्यक्रमले बेइमानी वा अवैध कार्यहरूका कारण हुने कुनै नोक्सानी व्यहोर्ने छैन।
5) <u>एक अनुपस्थित वाहनबाट चोरीः</u> यो कार्यक्रमले कुनै सुरक्षित रूपमा लक गरिएको गाडी, त्यसका झ्यालहरु पूर्णरूपले बन्द भएको र गाडी भित्र जबरजस्ती पसेको प्रष्ट देखिने प्रमाण भएको बाहेक कुनै अनुपस्थित गाडी को नतिजाबाट हुने नोक्सान वा क्षतिलाई कभर गर्दैन।
6) <u>अनधिकृत मर्मतः</u> कार्यक्रमले ती क्षतिलाई कभर गर्दैन जसमा मर्मतको प्रयास गरिएको थियो वा गैर जिल्ला प्राविधिकहरूले मर्मत सम्पन्न गरेका थिए।
7) <u>समयमै नगरिएको रिपोर्टिंगः</u> कार्यक्रमले 3 दिन भित्र रिपोर्ट नभएको क्षति वा नोक्सानी कभर नगर्न सक्छ।
8) **<u>सहायक उपकरणहरुका लागि कभरेज दिन नसकिनेः</u> यस कार्यक्रमले पावर कर्डहरू, उपकरणका सामानहरू, झोलाहरू, चार्जरहरू, वा प्रदान गरिएका अन्य कुनै सामानहरू को कभरेज प्रदान गर्दैन।**

जिल्लाले कुनै क्षतिग्रस्त उपकरण को मरम्मत गर्ने वा यो प्रतिस्थापन गर्ने निर्धारित गर्नेछ। जिल्ला मजदूर क्षतिपूर्ति र बीमा व्यस्थापन विभागले यदि कार्यक्रम मार्फत क्षति वा नोक्सानको अवस्थालाई कभर गरिएको छ भन्ने निर्धारित गर्दछ र ती निर्धारणहरू अन्तिम हुन्।

## बुवाआमा /अभिभावक स्वैच्छिक उपकरण संरक्षण चुनाव

म स्वैच्छिक उपकरण संरक्षण कार्यक्रमको सन्दर्भमा निम्न चुनाव गर्दछुः

☐ हो, म मेरो विद्यार्थीलाई जिल्ला स्वैच्छिक उपकरण सुरक्षामा भर्ना गर्न चयन गर्दछु।
**मैले $20 को भुक्तान समावेश गरेको छु।**

☐ होईन, म मेरो विद्यार्थीलाई जिल्ला स्वैच्छिक उपकरण सुरक्षामा भर्ना गर्न अस्वीकार गर्दछु। म बुझ्छु कि जब उपकरण जिल्ला सम्पत्तीमा हुँदैन, कुनै पनि हराएको, चोरी गरिएको वा बिग्रिएको प्रविधि उपकरणको प्रतिस्थापन वा मर्मतको वास्तविक लागतको लागि म जिम्मेवार छु।

# बुवाआमा/अभिभावक स्वीकृति र हस्ताक्षर

मैले प्रविधि प्रयोग जिम्मेवारीहरू, विद्यार्थी स्वीकार्य प्रयोग र इन्टर्नेट सुरक्षा दिशानिर्देशहरू, विद्यार्थी आचार संहिता, र स्वैच्छिक उपकरण सुरक्षा कार्यक्रम पढेको छु वा मलाई व्याख्या गराएको छु र बुझेको छु। म पालना गर्न सहमत छु र सुनिश्चित गर्दछु कि मेरो विद्यार्थीले टेक्नोलोजी प्रयोग उत्तरदायित्व, विद्यार्थी स्वीकार्य उपयोग र इन्टरनेट सुरक्षा दिशानिर्देशहरू, र विद्यार्थी आचार संहितामा बताइएका नियम र सर्तहरूको पालना गर्दछ र म यी उपकरणहरूको प्रयोग शैक्षिक उद्देश्यका लागि सीमित गर्न सहमत छु। म मेरा विद्यार्थीहरूले यहाँ भएका नियम र सर्तहरूको पालना गर्नेछन् भनेर सुनिश्चित गर्न हर सम्भव प्रयास गर्नेछु। म मेरो बच्चालाई वर्णन गरिएको जिल्ला द्वारा जारी प्रविधिमा पहुँच लिन र प्रयोग गर्न अनुमति प्रदान गर्दछु।

ओमाहा पब्लिक विद्यालयहरूले प्रविधि संरक्षण उपाय (अर्थात् वेब फिल्टर) को निरन्तर प्रयोगको माध्यमबाट विद्यार्थीहरूको आपत्तिजनक सामग्रीहरूमा पहुँच प्रतिबन्ध गर्न हरसम्भव प्रयास गर्नेछन्, यद्यपि, म बुझ्छु कि जिल्लाका लागि जिल्लाका विद्यार्थी उपकरणहरू द्वारा पहुँचमा हुन सक्ने सबै विवादास्पद वा अनुचित सामग्री नियन्त्रण गर्न र विद्यार्थी पहुँचमा प्रतिबन्ध गर्न असम्भव छ।

जिल्लाबाट जारी प्रविधिको प्रयोगबाट हुने कुनै नोक्सानका लागि जिल्ला जिम्मेवार छैन र विद्यार्थी प्रयोग समर्थन गर्ने प्रविधि वा जिल्ला नेटवर्क प्रणालीहरू हर समय उपलब्ध हुने ग्यारेन्टी प्रदान गर्दैन।

यो कागजातमा हस्ताक्षर गरेर म माथि सूचीबद्ध सर्तहरूको पालना गर्न सहमत छु र जिल्ला द्वारा जारी प्रविधिको देखभाल र उचित प्रयोगको जिम्मेवारी लिन्छु। म बुझ्छुँ कि म वा मेरो विद्यार्थीले यहाँ भएका सबै सर्तहरूको सम्मान गर्न असफल भएमा, प्रविधिमा, इन्टरनेटमा, र अन्य इलेक्ट्रोनिक मिडियामा पहुँच भविष्यमा अस्वीकृत हुन सक्दछ। यसबाहेक, मेरो विद्यार्थी ओमाहा पब्लिक विद्यालयको विद्यार्थी आचार संहितामा उल्लिखित अनुशासनात्मक कार्यवाहीको अधीनमा हुन सक्दछ। म ओमाहा पब्लिक स्कूलहरू, यसका अधिकारीहरू, बोर्ड सदस्यहरू, कर्मचारीहरू, र एजेन्टहरू, र जिल्लासँग सम्बद्ध कुनै पनि संस्था बाट र विरुद्ध जिल्ला विद्यार्थी उपकरण को उपयोग को कारण उत्पन्न हुन सक्ने म वा मेरो विद्यार्थी ले सामना गर्ने कुनै पनि र सबै दायित्व, नोक्सान, खर्च, वा चोट वा हानी बाट मुक्त गर्दछु र कुनै हानी का लागि दावी गर्ने छैन।

| | |
|---|---|
| बुवाआमा /अभिभावकको नाम (कृपया प्रिन्ट गर्नुहोस): | |
| मिति: | बुवाआमा/अभिभावक को हस्ताक्षरः |

district.ops.org

# विद्यार्थी जानकारी

| विद्यार्थीको थर: |
| --- |
| विद्यार्थीको नाम: |
| कक्षा / विद्यार्थी आईडी नम्बर: |

# विद्यार्थी स्वीकार्य प्रयोग र ईन्टरनेट सुरक्षा दिशानिर्देशहरू

ओमाहा पब्लिक विद्यालयहरुले विद्यार्थीलाई ट्याब्लेट वा ल्यापटप कम्प्युटर दुवै आमने सामने निर्देशन प्रदान गर्ने बेला र घरमा प्रयोगका लागि बाँड्न सक्छन् जसले उपलब्धिलाई बढावा दिन र लचिलो सिकाईका अवसरहरू प्रदान गर्न सक्दछन्। यी दिशानिर्देशहरूले विद्यार्थीहरु र परिवारका लागि जिल्ला का अपेक्षाहरूको बारेमा जानकारी प्रदान गर्दछ, जसलाई यी कम्प्युटिङ उपकरणहरू प्रदान गरियो। यी दिशानिर्देशहरूका साथै, कुनै पनि जिल्ला(प्रदान प्रविधि वा नेटवर्कको प्रयोगका लागि पनि विद्यार्थीहरूले ओपीएस विद्यार्थी आचार संहिता (पेज 13 र 14) पालना गर्नु पर्दछ। अतिरिक्त दिशानिर्देशहरू आवश्यकता अनुसार थप्न सकिन्छ र यसैमा समावेश गरिनेछ। तपाईंले विद्यार्थी स्वीकार्य प्रयोग र इन्टरनेट सुरक्षा दिशानिर्देशहरू पढ्नु र बुझ्नुभएको छ भनेर संकेत गर्नको लागि, कृपया तलका प्रत्येक बक्स मा चिन्ह लगाउनुहोस्।

**विद्यार्थी जिम्मेवारीहरुः** विद्यार्थीहरूले जिम्मेवारीका साथ जिल्ला प्रविधि प्रयोग गर्नेछन् र दुबै प्रविधि र जिल्ला नेटवर्क स्रोतहरूको उपयुक्त र स्वीकार्य प्रयोगका बारे बुझ्छदन्। विद्यार्थीहरूले आफ्ना जिल्ला जारी उपकरणहरू सकुशल, सुरक्षित र असल चालु हालतमा राख्नेछन्। विद्यार्थीहरु र परिवारहरुले जिल्ला-प्रदान प्रविधिको देखभाल र मर्मतका लागि सामान्य समझ प्रयोग गर्नेछन्। विद्यार्थीलेः

1) यी दिशानिर्देशहरू र ती ओपीएस विद्यार्थी पुस्तिका र विद्यार्थी आचार संहितामा सूचीबद्ध दिशानिर्देशहरूको पालना गर्नुपर्छ, प्रत्येक पटक जब

उपकरण विद्यालय र विद्यालय बाहिर प्रयोग गरिन्छ।

2) उपकरण पूर्ण चार्जका साथ विद्यालय आउँछ भनेर सुनिश्चित गर्न **नियमित रूपमा आफ्नो उपकरण चार्ज** गर्नुपर्छ (कक्षाकोठामा विद्यार्थीहरूका लागि दिनको समयमा उनीहरुका उपकरणहरू चार्ज गर्ने क्षमता छैन)।
3) अनलाइन भएका बेला सकारात्मक डिजिटल नागरिकता प्रदर्शन गर्नुपर्छ। विद्यार्थीहरूले अपवित्रता, अश्लीलता र आपत्तिजनक वा भड्काउने बोलीबाट टाढा रही सबै संचारहरूमा उपयुक्त भाषा प्रयोग गर्नुपर्दछ। कुनै पनि जिल्लाको स्वामित्व वा व्यक्तिगत स्वामित्व प्राप्त प्रविधिको प्रयोग गर्दा गरिएका व्यक्तिगत हमला वा धम्की लगायत साइबर धम्की को अनुमति दिईएको छैन र त्यस्ता क्रियाकलापहरु जिम्मेवार विद्यालय कर्मचारीलाई खबर गरिनु पर्छ।
4) ट्याब्लेट वा ल्यापटपमा समावेश गरिएका ईन्टरनेट फिल्टर र सुरक्षा उपायहरूको सम्मान गर्नेछन्। सबै विद्यार्थी कम्प्युटिङ उपकरणहरू यसरी कन्फिगर गरिएका हुन्छन् कि विद्यार्थी विद्यालयमा हुँदा र कुनै पनि अन्य सार्वजनिक वा निजी नेटवर्कमा हुँदा पनि इन्टरनेट सामग्री फिल्टर गरिन्छ।
5) महत्त्वपूर्ण डाटा फाईलहरू नियमित रूपमा ब्याकअप गर्नुहोस्। यो सिफारिश गरिन्छ कि विद्यार्थीहरूले दिइएको अफिस 365 वानड्राइभ भण्डारण स्थान प्रयोग गरेर फाइलहरू क्लाउडमा सुरक्षित गर्नुपर्छ। OPS ले आवधिक रूपमा इमेजिङ गरेर उपकरणहरू अद्यावधिक र राम्रो अवस्थामा राख्ने छ। विद्यार्थीहरूलाई यस मर्मतसम्भारका बारेमा अग्रिम सूचना दिइनेछ। सर्भर भण्डारण ठाउँ वा अन्य भण्डारण मिडियामा ब्याक अप नगरिएका सबै विद्यार्थी फाईलहरू यी प्रक्रियाहरूमा हराउन सक्दछन्। यदि तपाईंलाई फाईलहरू ब्याकअप कसरी गर्ने थाहा छैन भने सहायताका लागि सोध्नुहोस्।
6) प्रविधि विद्यालय सम्बन्धी उद्देश्यहरूका लागि मात्र प्रयोग गर्नेछन् र व्यापारिक वा राजनैतिक उद्देश्यहरूसँग सम्बन्धित प्रयोगबाट

टाढा रहनेछन्।

7) प्रतिलिपि अधिकार कानूनहरू र उचित प्रयोग दिशानिर्देशहरू पालना गर्नेछन् र मात्र ती संगीत, भिडियो वा अन्य सामग्रीहरू डाउनलोड वा आयात गर्नेछन् जुन विद्यार्थीहरूलाई अधिकारप्राप्त छन् वा कानूनी रूपमा पुनः उत्पादन वा प्रयोगका लागि अनुमति प्राप्त छन्।

8) प्रशासक वा शिक्षकद्वारा जिल्ला प्रविधि प्रयोग गरी वा कुनै ईन्टरनेट स्थानमा पठाईएको वा बाट प्राप्त गरेको सन्देशहरू वा फाईलहरू निरीक्षणका लागि उपलब्ध बनाउनेछन्। **विद्यार्थीहरूलाई खबर दिइएको छ कि तिनीहरूसँग जिल्ला स्वामित्वको उपकरणमा गोपनीयताको कुनै उचित अपेक्षा छैन।** जिल्ला स्वामित्व भएका प्रविधिमा भण्डारण गरिएका र जानकारी लिइएका, डाउनलोड वा हस्तान्तरण गरिएका फाईलहरूको जिल्लाद्वारा कुनै पनि समयमा अवलोकन, अनुगमन वा अभिलेख राख्न सकिन्छ।

9) विद्यालयका कम्प्युटर, नेटवर्क, वा इन्टरनेट जडानमा कुनै सुरक्षा समस्या पहिचान भएमा आफ्ना शिक्षक वा कार्यक्रमम निर्देशकलाई तत्काल सूचित गर्नेछन्।

**विद्यार्थी प्रतिबन्धहरू:** विद्यार्थीले गर्ने छैनः

1) ट्याब्लेट, ल्यापटप, वा जिल्ला(जारी उपकरणहरूमा स्टिकरहरू चिन्ह लगाउने, बिगार्ने, वा राख्ने।

2) ईमेल वा इन्टरनेट द्वारा अन्य माध्यमहरू मार्फत अज्ञात व्यक्तिलाई व्यक्तिगत जानकारी, फाईलहरू वा संचार खुलाउने वा पोष्ट गर्ने।

3) इन्टरनेट फिल्टरिंग सफ्टवेयर, उपकरण सेटिंग्स, वा नेटवर्क कन्फिगरेसनहरू ओभरराइड गर्न, बाइपास गर्न वा अन्यथा परिवर्तन गर्न को लागी प्रयास गर्ने।

4) आफ्नो अधिकृत पहुँच बाहिर नेटवर्कहरु र अन्य प्रविधिहरूमा पहुँचको प्रयास गर्ने। यसले अर्को व्यक्तिको खाता र/ वा पासवर्ड

प्रयोग गर्ने वा सुरक्षित वायरलेस नेटवर्कहरूमा पहुँच गर्ने प्रयासहरू समावेश गर्दछ।

5) **पासवर्डहरू साझेदारी गर्ने वा पासवर्डहरू पत्ता लगाउने प्रयास गर्ने।** पासवर्ड साझा गर्न अनुमति छैन र यसले तपाईं अनुशासनात्मक कार्यवाहीको भागीदार बनाउन सक्दछ र यदि अनधिकृत प्रयोगका कारण कुनै समस्या खडा भयो भने अरूको कार्यहरूका लागि उत्तरदायी बनाउन सक्छ।
6) कुनै पनि जिल्ला स्वामित्व भएको प्रविधिमा इन्टरनेट वा अन्य स्रोतबाट कुनै प्रोग्रामहरु, फाईलहरू, वा खेलहरू डाउनलोड र/वा स्थापना गर्ने। यसले कम्प्युटर भाइरस र अन्य मालिसियस सफ्टवेयरको जानाजानी प्रवेश समावेश गर्दछ।
7) उपकरण हार्डवेयर वा सफ्टवेयरको साथ छेडछाड गर्ने, कम्प्युटरहरूमा अनधिकृत प्रविष्टि प्रयास गर्ने, र/वा कम्प्युटर वा कम्प्यूटर फाईलहरू तोडफोड वा नष्ट गर्ने। कम्प्युटर वा सफ्टवेयरमा जानाजानी वा लापरवाही ले क्षति गर्दा आपराधिक आरोप लाग्न सक्छ।

8) विद्यालय सेटिंग्समा अस्वीकार्य कुनै सामग्री फेला पार्न, हेर्न, साझेदारी गर्न वा भण्डार गर्न प्रयास गर्ने। यसले अश्लील, फोहोर, ग्राफिक हिंसात्मक, वा अश्लील छवि, ध्वनी, संगीत, भाषा, भिडियो वा अन्य सामग्रीहरू समावेश गर्दछ तर यतिमा सीमित छैन।
9) **आफ्ना उपकरण वा चार्जर र कर्डहरू अरुलाई सापटी दिने।**
10) गाडीमा उपकरण छोड्ने वा कुनै पनि समयमा यसलाई ध्यान नदिइ छोड्ने।
11) उपकरणको प्रयोग गर्दा खाने वा पिउने वा नजिकै खाना खाने वा पेय पदार्थ लिने।.
12) टेबलको किनारहरू, फ्लोरहरू, सिटहरू वा घरपालुवा जनावरहरू जस्ता अनिश्चित स्थानहरूमा उपकरणहरू प्रयोग गर्ने वा छोड्ने।
13) आफ्नो उपकरण माथी वस्तुहरू राख्ने, यसलाई बाहिर छाड्ने, वा पानीको नजिक प्रयोग गर्ने जस्तै पोखरी।

## विद्यार्थी स्वीकृति र हस्ताक्षर

मैले विद्यार्थी स्वीकार्य प्रयोग र इन्टर्नेट सुरक्षा दिशानिर्देशहरू र विद्यार्थी आचार संहिता पढेको छु वा मलाई व्याख्या गराएको छु र बुझेको छु। म विद्यार्थी स्वीकार्य उपयोग र इन्टरनेट सुरक्षा दिशानिर्देशहरू, र विद्यार्थी आचार संहितामा बताइएका नियम र सर्तहरूको पालना गर्न सहमत छु र म यी उपकरणहरूको प्रयोग शैक्षिक उद्देश्यका लागि गर्न सहमत छु।

| मितिः | विद्यार्थीको हस्ताक्षरः |
|---|---|
| | |